रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ रामग्राम, चैत्र १ गते, २०८२ साल संख्या ५

**भाग-२**

## माध्यमिक तह (कक्षा ११ र १२) छात्रा शिक्षण सहायता अनुदान कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मिति:** २०८२/१२/०१

**प्रस्तावना:** रामग्राम नगरपालिका अन्तर्गतका माध्यमिक तह (कक्षा ११ र १२) सञ्चालित सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूको पठनपाठनमा पहुँच अभिवृद्धि गर्न, विद्यालय छाड्ने दर न्यूनीकरण गर्न र नेपालको संविधानको धारा ३१ को उपधारा २ मा उल्लेखित माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई कार्यान्वयन गर्नको लागि रामग्राम नगरपालिकाले यो कार्यविधि बनाइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम **"माध्यमिक तह (कक्षा ११ र १२) छात्रा शिक्षण सहायता अनुदान कार्यविधि, २०८२"** रहनेछ।

ख) यो कार्यविधि रामग्राम नगरपालिका भरि लागू हुनेछ।

ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) **"नगरपालिका"** भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्दछ।

ख) **"शाखा"** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

ग) **"अनुदान"** भन्नाले कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरूको पठनपाठन खर्च व्यवस्थापनका लागि नगरपालिकाले उपलब्ध गराउने 'शिक्षण सहायता अनुदान' सम्झनु पर्दछ।

घ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको 'छात्रा शिक्षण सहायता अनुदान मूल समिति' सम्झनु पर्दछ।

ङ) **"ऐन"** भन्नाले रामग्राम नगरपालिकाको शिक्षा ऐन सम्झनु पर्दछ।

च) **"नगर शिक्षा समिति"** भन्नाले नगर शिक्षा ऐन बमोजिम गठित रामग्राम नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

**३. उद्देश्य:**

क) माध्यमिक तहको शिक्षालाई क्रमशः निःशुल्क बनाउने दिशामा सहयोग पुऱ्याउने।

ख) छात्राहरूको शैक्षिक निरन्तरता सुनिश्चित गरी उच्च शिक्षामा उनीहरूको सहभागिता बढाउने।

**४. बजेट र अनुदानको सीमा:**

क) यस कार्यक्रमका लागि नगरपालिकाको नगर सभाबाट स्वीकृत बजेटको सीमा नै बजेटको सीमा हुनेछ।

ख) हालका लागि वार्षिक **रु. २०,००,०००/- (अक्षरेपी बीस लाख रुपैयाँ)** बजेट विनियोजन गरिएको छ, जसबाट प्रति छात्रा वार्षिक **रु. ५,०००/-** का दरले विद्यालयलाई अनुदान उपलब्ध गराइनेछ।

**५. अनुदान प्राप्त गर्ने आधारहरू:**

क) विद्यालयले IEMIS मा छात्राहरूको विवरण अद्यावधिक गरेको हुनुपर्नेछ।

ख) विद्यालयमा भर्ना भई नियमित अध्ययन गरिरहेका छात्राहरूको संख्यालाई मुख्य आधार मानिनेछ।

**६. नगर शिक्षा समितिको भूमिका:**

क) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रमको नीतिगत समन्वय र निर्देशन गर्ने।

ख) विद्यालयहरूले छात्राहरूको पठनपाठनमा गरेको खर्च र शैक्षिक गुणस्तरको आवधिक समीक्षा गर्ने।

ग) अनुदान वितरणमा कुनै विवाद वा अस्पष्टता देखिएमा सोको समाधानका लागि नगर कार्यपालिकालाई सिफारिस गर्ने।

**७. छात्रा शिक्षण सहायता अनुदान मूल समिति:** यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको एक मूल समिति रहनेछ:

- नगर प्रमुख - **संयोजक**
- नगर उप-प्रमुख - **सदस्य**
- प्रमुख प्रशासकीय अधिकृत - **सदस्य**
- सामाजिक विकास समितिको संयोजक - **सदस्य**
- शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - **सदस्य सचिव**

**८. विद्यालयले शुल्क लिन नपाउने र अनुदानको खर्च:**

क) यो अनुदान प्राप्त गरेका विद्यालयले छात्राहरूबाट कुनै पनि शीर्षकमा मासिक शिक्षण शुल्क लिन पाउने छैनन्।

ख) प्राप्त अनुदान रकम विद्यालयले अनिवार्य रूपमा छात्राहरूको पठनपाठन, शैक्षिक सामग्री र प्रत्यक्ष शैक्षिक हितमा मात्र खर्च गर्नुपर्नेछ।

ग) परीक्षा शुल्क, रजिष्ट्रेशन शुल्क र राज्यलाई तिर्नुपर्ने कर सम्बन्धी शुल्क भने नियमानुसार हुनेछ ।

**९. अनुगमन र लेखापरीक्षण:**

क) कार्यक्रमको नियमित अनुगमन नगरपालिका र शिक्षा, युवा तथा खेलकुद शाखाबाट गरिनेछ।

ख) नगरपालिकाबाट प्राप्त अनुदानको लेखापरीक्षण प्रत्येक वर्ष विद्यालयले तोकिएको लेखापरीक्षकबाट गराउनु पर्नेछ। लेखापरीक्षण नगराउने वा रकम दुरुपयोग गर्ने विद्यालयको अनुदान रोक्का गरिनेछ। अनुदान रकम दुरुपयोग गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१०. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०८२/१२/०१

आज्ञाले
भूपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत